# कृषि प्रसार कार्यक्रम संचालन (दोस्रो संशोधन) नमर्स, २०८२

कृषि प्रसार कार्यक्रम संचालन नमर्स, २०७९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको नमर्स बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस नमर्सको नाम" कृषि प्रसार कार्यक्रम संचालन (दोस्रो संशोधन) नमर्स, २०८२ " रहेको छ।

(२) यो नमर्स मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>कृषि प्रसार कार्यक्रम संचालन नमर्स, २०७९ मा संशोधनः</u> कृषिं प्रसार कार्यक्रम संचालन नमर्स, २०७९ (यसपछि मूल नमर्स भनिएको) को दफा दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

**"३. प्रविधि प्रदर्शन कार्यक्रमः**

**(क) उद्देश्यः**

- विभिन्न उपयोगी खेती प्रविधिको ग्रहणमा अभिवृद्धि गर्ने,
- उत्पादन लागत न्यूनीकरण, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

**(ख) कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- कृषिमा आवद्ध कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गर्ने
- प्रविधि पहिचानः कार्यालयका प्राविधिकहरुले वस्तुगत तथा आवश्यकता र प्रविधिको ग्रहण छिटो हुने गरी किसानलाई अधिकतम लाभदायी प्रविधि छनौट गर्नुपर्ने,
- प्रदर्शन कार्यक्रममा आवश्यकता अनुसार तरकारी बाली, खाद्यान्न बाली, नगदे बाली, च्याउ, मौरीपालन, फलफूल बाली, मसला बाली तथा भौगोलिक अवस्था अनुसार अन्य संभाव्य कृषि बाली समावेश गर्न सकिनेछ,
- प्रदर्शनका लागि आवश्यक क्षेत्रफलः पहाडमा न्यूनतम दुई रोपनी, तराईमा न्यूनतम पाँच कट्ठा र च्याउ बालीको हकमा उत्पादन प्रदर्शनका लागि ६×१२ वर्ग मिटरको २ वटा संरक्षित संरचना हुनुपर्नेछ,
- प्रदर्शन स्थल छनोट गर्दा कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई उपयुक्त स्थान छनोट गर्न सक्नेछ,

मा. इस्माईल मन्सुरी
मन्त्री

- अन्य बाली वस्तुको हकमा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल कृषि अनुसन्धान परिषद्ले अवलम्बन गरेको प्राविधिक मापदण्ड प्रयोग गर्न सकिनेछ।

(ग) **क्रियाकलाप तथा आर्थिक पक्षः**

निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छः-

- बीउ/विरुवा, मलखाद, विषादी खरिद तथा ढुवानी,
- यन्त्र उपकरण तथा अन्य सामाग्री खरिद/भाडा,
- जग्गा तयारी/व्यवस्थापन, (जग्गा खनजोत तथा अन्य)
- कृषक दिवस सञ्चालन।

३. **कृषि प्रसार कार्यक्रम संचालन नमर्स , २०७९ मा संशोधनः** मूल नमर्सको दफा ९(क) पछि देहायको दफा ९(ख), ९(ग), ९(घ), ९(ङ), ९(च), ९(छ), ९(ज), ९(झ), ९(ञ), ९(ट) र ९(ठ) थप गरिएको छ :-

"**९(ख). बाली चक्र प्रविधि प्रदर्शन कार्यक्रमः**

(क) **उद्देश्यः** वर्षै भरी सिंचाई हुन सक्ने क्षेत्रमा उपलब्ध विभिन्न प्रविधिहरुको साथ साथै उपयुक्त बाली चक्रको एकीकृत रुपमा प्रयोग गरी कृषकहरुलाई बाली सघनता र उत्पादकत्व वृद्धि गर्न उत्प्रेरित गर्नु।

(ख) **कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- कृषिमा आवद्ध कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गर्ने,
- बाली अनुसार गरिने क्रियाकलापको अभिलेख राख्नुपर्ने र कृषि अनुसन्धांन केन्द्रहरुबाट सिफारिस गरिएको प्रविधिको आधारमा वर्षैभरि प्रदर्शन सञ्चालन गर्नु पर्नेछ,
- प्रदर्शन सामाग्रीको साथमा प्रदर्शनमा प्रयोग हुने बाली चक्र, हरेक बालीको नाम तथा जात, बीउको स्तर, बीउ लगाउने समय, मलजल दिने समय, बाली कटानी गर्ने समय, विभिन्न बालीहरुको अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धि आदि विवरण भएको पर्चा कृषकहरुलाई दिने व्यवस्था मिलाउनु पर्नेछ,
- कृषकको नाम, ठेगाना, लगाइएको बाली चक्र तथा समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधि, समय, प्रदर्शनका सम्बन्धमा कृषकको धारणा जस्ता विवरणको अभिलेख राखु पर्नेछ,

मा. इस्माईल मन्सुरी
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

- प्रदर्शनका लागि आवश्यक क्षेत्रफलः पहाडमा न्यूनतम दुई रोपनी, तराईमा न्यूनतम पाँच कट्ठा हुनुपर्नेछ,
- कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई उपयुक्त बाली र प्रदर्शन स्थान छनोट गर्नु पर्नेछ।

(ग) **क्रियाकलाप तथा आर्थिक पक्षः** निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ।

- बीउ/विरुवा, मलखाद, विषादी खरिद तथा ढुवानी,
- यन्त्र उपकरण तथा अन्य सामाग्री खरीद/भाडा,
- जग्गा तयारी/व्यवस्थापन, (जग्गा खनजोत तथा अन्य)
- कृषक दिवस सञ्चालन।"

"९(ग). **कृषि यन्त्र उपकरण प्रयोग प्रदर्शन कार्यक्रमः**

(क) **उद्देश्यः**

- कृषि यान्त्रिकरणमा आधारित खेती प्रविधिको प्रसार गर्ने,
- उत्पादन लागत न्यूनिकरण, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

(ख) **कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- कृषिमा आवद्ध कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गर्ने
- प्रविधि पहिचानः कार्यालयका प्राविधिकहरुले वस्तुगत तथा आवश्यकता र प्रविधिको ग्रहण छिटो हुने गरी किसानलाई अधिकतम लाभदायी प्रविधि छनौट गर्नु पर्नेछ ,
- यन्त्र उपकरण प्रदर्शन कार्यक्रममा आवश्यकतानुसार तरकारी बाली, खाद्यान्न बाली, नगदे बाली तथा विभिन्न बाली सम्वद्ध यन्त्र उपकरणको प्रदर्शन समेटिनेछ,
- प्रदर्शनका लागि आवश्यक क्षेत्रफलः पहाडमा न्यूनतम दुई रोपनी, तराईमा न्यूनतम पाँच कट्ठा हुनु पर्नेछ।
- कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई उपयुक्त बाली र प्रदर्शन स्थान छनोट गर्नु पर्नेछ।

(ग) **क्रियाकलाप तथा आर्थिक पक्षः** निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिनेछः-

मा. इस्माईल मन्सुरी
मन्त्री

- बीउ/विरुवा, मलखाद, विषादी खरिद तथा ढुवानी,
- कृषि यन्त्र उपकरण तथा अन्य सामाग्री खरीद/भाडा,
- जग्गा तयारी/व्यवस्थापन, (जग्गा खनजोत तथा अन्य)
- प्रदर्शन गर्ने दिन कृषकहरु भेला गर्नु पर्नेछ।

**९(घ). व्यावसायिक बाली प्रवर्द्धन कार्यक्रमः**

(क) **उद्देश्यः** प्रदेशका विभिन्न जिल्लामा व्यवसायिक बाली प्रवर्द्धनका लागि क्षेत्र विस्तार, नवीनतम प्रविधि हस्तान्तरण तथा उचित व्यवस्थापन मार्फत बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ख) **कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- कृषिमा आवद्ध कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गर्ने,
- अकबरे खोर्सानी बालीको हकमा न्यूनतम २ रोपनीमा र अदुवा बालीको हकमा न्यूनतम ५ रोपनी तथा अन्य बालीको हकमा ४ रोपनी क्षेत्रफलमा सञ्चालन गर्नुपर्ने,
- कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई उपयुक्त स्थान छनोट गर्ने।

(ग) **क्रियाकलाप तथा आर्थिक पक्षः** निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ। उपलब्ध गराईने सामाग्रीहरुमा लाभग्राहीको २५ % लागत साझेदारी हुनु पर्नेछः-

- उत्पादन सामाग्रीहरु : बीउ/विरुवा, प्राङ्गारिक मल, सिँचाइका लागि आवश्यक पाइप, विषादी, मल्चिङ्ग प्लाष्टिक,
- बजारीकरण(क्रेट, बोरा,प्याकेजिङ्ग सामाग्री, लेवलिङ्ग लगायत) सहयोग,
- क्षमता अभिवृद्धि कार्यक्रम, (कुल बजेटको १० % भन्दा नबढ्ने गरी)

**९(ङ). फलफूल बगैचा व्यवस्थापन एवं सुदृढीकरण कार्यक्रमः**

(क) **उदेश्यः**

- विभिन्न प्रकारका फलफूलमा लाग्ने रोगकिरा तथा अन्य शत्रुजीवहरुको नियन्त्रण तथा व्यवस्थापन गर्ने,
- फलफूल बगैंचा व्यवस्थापनको माध्यमबाट बगैंचा सुधार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

(ख) **कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- कार्यालयले बगैंचाको छनोट गरी कार्यक्रम संचालन गर्ने,
- न्यूनतम १० रोपनीको बगैचाको क्लस्टरमा सञ्चालन हुनुपर्ने,

मा. इस्माईल मन्सुरी
मन्त्री

- कार्यालयले फलफूल बगैंचाको उत्पादकत्व वृद्धि गर्न काँटछाँट, रोग निदान, व्यवस्थापन तथा अन्य प्रविधि सहयोगका गतिविधि सञ्चालन गर्नुपर्ने।

**(ग) क्रियाकलाप तथा आर्थिक पक्षः** निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ। उपलब्ध गराईने सामाग्रीहरुमा लाभग्राहीको २५% लागत साझेदारी हुनुपर्नेछः-

- बगैंचाको सुद्दढीकरणका लागि आवश्यक औजार/उपकरण खरीद,
- सिंचाई सामाग्री तथा उपकरण खरीद,
- ल्यूर, पासो लगायत अन्य रोगकिरा व्यवस्थापन सम्बद्ध सामाग्री, विषादी, एप्रोन, पन्जा, मास्क र निलोतुथो, चुना आदि खरीद,
- स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकरण। (प्रति बगैंचामा अधिकतम रु ५ हजार खर्च गर्न सकिने)

**९(च). उन्नत बीउ उत्पादनको लागि मूल बीउ खरीद तथा वितरणः (उन्नत बीउ उत्पादन कार्यक्रम)**

**(क) उदेश्यः** प्रदेशका विभिन्न जिल्लामा धान /मकैको उन्नत बीउ उत्पादन गरी प्रदेशलाई बीउमा आत्मनिर्भर बनाउने।

**(ख) कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गरि बीउ उत्पादन गर्न सकिने,
- मकै बालीको हकमा न्यूनतम ४ हेक्टर र धान बाली तथा गहुँ बालीको हकमा २ हेक्टरमा क्लष्टरमा उत्पादन गर्नुपर्ने,
- बीउ बिजन कारोबार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा अनुमति प्राप्त संस्थासँग समन्वय गरेको हुनुपर्ने,
- स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने।

**(ग) क्रियाकलाप तथा आर्थिक पक्षः** निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ। उपलब्ध गराईने सामाग्रीहरुमा लाभग्राहीको २५% लागत साझेदारी हुनुपर्नेछः-

- उत्पादन सामाग्रीहरु : सूचीकृत मूल बीउ, श्रोत बीउ, सुक्ष्म तत्व खरीद,

मा. इस्माईल मन्सुरी
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

- प्याकेजिङ्ग सामाग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, साना कृषि यन्त्र उपकरणहरु खरीद।

**९(छ). बाली कटानी कार्यक्रमः**

(क) **उद्देश्यः** विभिन्न बालीहरुको उत्पादकत्व मापन गरी यथार्थपरक तथ्याङ्क व्यवस्थापन गर्ने।

(ख) **कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- सिजन अनुसार बालीहरु कटानी लगरी उत्पादकत्व मापन गर्ने,
- सिंचित र असिंचित उत्पादन क्षेत्रहरुको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी बाली कटानी गर्न क्षेत्रहरु एकिन गर्ने,
- छनोट गरिएका क्षेत्र मध्ये (५ फिट×५ फिट) एउटा नमूना हुने गरी बाली कटानी गर्ने,
- प्रत्येक उत्पादन क्षेत्रमा कम्तीमा ५ वटा randomized नमूनाबाट उत्पादन तथ्याङ्क लिने,
- एक बाली कटानीमा पाँच नमूना हुनुपर्ने,

(ग) **क्रियाकलाप तथा आर्थिक पक्षः** निम्न कृयाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिनेछः-

- छनोट गरिएको नमूना क्षेत्रमा बाली कटानी गर्ने,
- बाली कटानी भएको नमूना क्षेत्रको छुट्टाछुट्टै तथ्याङ्क लिने र कार्यालयमा अभिलेख राखी सोको प्रतिलिपि निर्देशनालयमा पठाउने,
- क्षतिपूर्ति र ज्याला खर्च बापत प्रति बाली कटानी रु ५०० खर्च गर्न सकिने।

**९(ज). स्थानीय हाटबजारको पाक्षिक खुद्रा मूल्य संकलनः**

(क) **उद्देश्यः**

- विभिन्न कृषि उपजहरुको पाक्षिक खुद्रा मूल्य संकलन गरी बजारको माग र आपूर्ति बारे जानकारी लिन,
- बजारमा कृषि उपजहरुको मूल्यको आधारमा कार्यक्रम तर्जुमा गर्न।

(ख) **कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- निर्देशनालयले तोकेको मापदण्ड र ढाँचा अनुसार मूल्य संकलन गरी पाक्षिक रुपमा निर्देशनालयमा प्रतिवेदन पठाउने,

मा. इस्माईल मन्सुरी
मन्त्री

- पाक्षिक मूल्य कार्यालयको वेबसाइटमा सार्वजनिक गर्नुपर्ने।

(ग) **क्रियाकलाप तथा आर्थिक पक्षः** कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिनेछः-

- निर्देशनालयले तोकेको मापदण्ड र ढाँचामा स्थानीय बजारको मूल्य संकलन सम्बन्धी कार्य कार्यालयले सञ्चालन गर्ने,
- मूल्य संकलन गरेको खाजा तथा खाना खर्च वापत प्रति पटक बढीमा रु ५०० सम्म खर्च गर्न सकिने।

**९(झ). कृषि शिक्षालयहरुमा Learn and Earn कार्यक्रमः**

(क) **उद्देश्य**ः विद्यार्थीहरुको व्यावहारिक ज्ञानमा सुधार ल्याउदै प्रविधि प्रदर्शन तथा उपयोगको माध्यमबाट विद्यार्थीलाई कृषि उद्यमी बन्न प्रेरित गर्ने।

(ख) **कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- कार्यालयले जिल्लामा कृषि विषय अध्यापन गराउने प्राविधिक धार विद्यालय/प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदका शिक्षालयहरुको छनौट गरी संचालन गर्ने,
- कार्यालयले शिक्षालयहरुसँगको समन्वयमा आवश्यकता अनुसारको बाली छनौट गरी नवीनतम प्रविधिको अनुसरण गर्ने,
- कार्यक्रम सञ्चालन हुने जग्गा शिक्षालयको आफ्नै वा उपभोग अधिकार रहेको हुनुपर्ने।

(घ) **क्रियाकलाप तथा आर्थिक पक्षः** निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधिमा रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिनेछः-

- उत्पादन सामाग्रीहरु : बीउ/विरुवा, प्राङ्गारिक मल, सिँचाइका लागि आवश्यक पाइप, विषादी, मल्चिङ्ग प्लाष्टिक आदि,
- बजारीकरण(क्रेट, बोरा, प्याकेजिङ्ग सामाग्री, लेवलिङ्ग लगायत) सहयोग,
- संरक्षित संरचना निर्माण तथा यन्त्र उपकरण खरीद,
- विद्यार्थीलाई स्थलगत तालिम तथा सचेतना कार्यक्रम।

**९(ट). व्यावसायिक कृषि फार्ममा कृषक इन्टर्न कार्यक्रमः**

(क) **उद्देश्यः** कृषक ईन्टर्नको व्यवहारिक ज्ञान, सिप तथा दक्षता अभिवृद्धि गर्नु।

(ख) **कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

मा. इस्राईल मन्सुरी
मन्त्री

- कार्यालयले जिल्लामा रहेका व्यवसायिक फर्मको स्तर तथा तालिम क्षमताको आधारमा बालीबस्तु अनुसार फार्म सूचीकृत गर्नुपर्नेछ,
- सूचीकृत गर्दा बाली अनुसार आवश्यक इन्टर्न संख्या र अवधि खुलाउनु पर्नेछ,
- कृषक इन्टर्नको रुपमा परिचालन हुने कृषकहरुले सम्बन्धित जिल्ला स्थित कार्यालयमा निवेदन दिनु पर्नेछ,
- कार्यालयले फर्मसँग आवश्यक शर्तहरु खुलाई सम्झौता गर्नुपर्नेछ,
- कृषक इन्टर्नको रुपमा खटिने कृषकहरुले बाली अनुसार न्यूनतम ५ दिन देखि बढीमा ३० दिनसम्म सूचिकृत फर्ममा गई सिकाई गर्नुपर्नेछ।

(ग) **क्रियाकलाप तथा आर्थिक पक्षः** स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिनेछः-

- कृषक इन्टर्नको रुपमा परिचालन भएका कृषकहरुलाई प्रमाणित हाजिरीका आधारमा प्रति दिन खाना तथा बास खर्च बापत १००० रकम कार्यालयले सोझै कृषकको खातामा भुक्तानी गर्नु पर्नेछ,
- कृषक इन्टर्न परिचालन गर्ने व्यवसायिक फर्मलाई व्यवस्थापन खर्च वापत प्रति कृषक एकमुष्ठ एक हजार उपलब्ध गराउन सकिनेछ,
- कृषक इन्टर्नलाई सूचिकृत फर्मले कार्यालयको समन्वयमा एक पटकमा अधिकतम १० जना कृषक सहभागिता गराई प्रमाणपत्र समेत उपलब्ध गराउनु पर्नेछ,

**९(ट). अलैची बगान व्यवस्थापन एवंम सुदृढीकरण कार्यक्रमः**

**(क) उदेश्यः**

- अलैची बगैंचाहरुमा लाग्ने रोगकिरा तथा अन्य शत्रुजीवहरुको नियन्त्रण तथा व्यवस्थापन गर्ने,
- अलैची बगैंचा व्यवस्थापनको माध्यमबाट बगैंचा सुधार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

**(ख) कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- कार्यालयले सुधार गर्नुपर्ने उपयुक्त बगैंचाको छनोट गरी कार्यक्रम संचालन गर्ने,
- प्रति अलैची वगानमा न्यूनतम ५ रोपनीमा सञ्चालन हुनुपर्नेछ,
- कार्यालयले अलैची बगैंचाको उत्पादकत्व वृद्धि गर्न काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका गतिविधि सञ्चालन गर्नुपर्ने।

मा. इस्माईल मन्सुरी
मन्त्री

(ग) **क्रियाकलाप तथा आर्थिक पक्षः** निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ। उपलब्ध गराईने सामाग्रीहरुमा लाभग्राहीको २५% लागत साझेदारी हुनुपर्नेछः-

- बगैंचाको सुद्दढीकरणका लागि आवश्यक औजार/उपकरण खरीद,
- सिंचाई सामाग्री तथा उपकरण खरीद,
- विभिन्न ल्यूर र पासो तथा अन्य रोगकिरा व्यवस्थापन,
- विषादी, एप्रोन, पन्जा, मास्क आदि खरीद,
- स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकरण (प्रति बगैंचामा अधिकतम रु ५०००।- खर्च गर्न सकिने।

**९(ठ). उत्कृष्ट कृषक सम्मान कार्यक्रमः**

(क) **उद्देश्यः** जिल्लामा व्यवसायिक कृषकहरु मध्येबाट उत्कृष्ट काम गरिरहेका कृषकहरुको मनोबल बढाउँदै सम्मान गर्नु।

(ख) **कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः**

- नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जारी भएको (राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमको कार्यविधि) अनुसार कृषक छनोट गर्ने मापदण्ड र विधि निर्धारण गरे बमोजिम हुनेछ,
- जिल्लामा तीन विधाहरुमा एक -एक जना उत्कृष्ट कृषक पुरस्कार दिन सकिनेछ।

(ग) **क्रियाकलाप तथा आर्थिक पक्षः** कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिनेछः-

- खण्ड (ख) बमोजिमको मापदण्ड र विधि बमोजिम उत्कृष्ट कृषक छनोट गरी पुरस्कृत गर्ने,
- पुरस्कार, प्रमाणपत्र लगायतका सामाग्री खरिद,
- समारोह व्यवस्थापन।

**जिल्लामा उत्कृष्ट कृषक पुरस्कार बढीमा रु १०,०००।- का दरले प्रदान गर्ने।**

मा. इस्माईल मन्सुरी
मन्त्री